जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.दु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १७८ २०७८ साल फागुन २ गते सोमबार (14 Feb. 2022 Monday) मूल्य रु. ५/-

स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : यस्ता छन् प्रधानन्यायाधीशमाथि... ३ पृष्ठमा : 'एमसिसीको विरोध ... ३ पृष्ठमा लिबियाको राजनीतिक सङ्कटबारे...

## एमसीसी बिरुद्ध सत्ता गठबन्धनका एक पक्षको जनवर्गिय संगठनद्वारा बिरोध




**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

एमसीसी बिरुद्ध सत्ता गठबन्धनका एक पक्षाको जनवर्गिय संगठनले आइतबार राजविराजमा बिरोध प्रदर्शन गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत (समाजवादी) निकट नेपाल बुद्धिजिवि परिषद्, प्रगतिशिल नेपाल राष्ट्रिय शिक्षक संगठन, अखिल नेपाल महिला संघ, यूवा संघ नेपाललगायत जनवर्गिय संगठनहरुले संयुक्त रुपमा एमसीसी बिरुद्ध प्रदर्शन गर्दै बिरोध सभा गरेका छन् ।

स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निकालिएको सो बिरोध जुलुसका सहभागिहरुले एमसीसी सम्झौता खारेज गर, गो ब्याक एमसीसी, नो एमसिसिलगायत नारा अंकित प्लेकार्डसहित नगर क्षेत्रको परिक्रमा गरेका थिए ।

नगर परिक्रमा पश्चात् जनआन्दोलन चौकमा नेकपा एकिकृत (समाजवादी) निकटका नेपाल बुद्धिजिवि परिषद् समाजवादीका सप्तरी अध्यक्ष अनिलकुमार अनलको अध्यक्षतामा आयोजित बिरोधसभामा नेपाल बुद्धिजिवि परिषद् समाजवादीका सचिवालय सदस्य नथुनी दास, महिला संघकी सप्तरी अध्यक्ष ममता चौधरी, यूवा संघ नेपालका आनन्ददेव यादव, नेपाल राष्ट्रिय शिक्षक संगठनका कौशलेन्द्र कुमार यादव लगायतले यथास्थितिमा एमसिसि कुनै पनि हालतमा पारित

*बाँकी तीन पृष्ठमा*

## लागुऔषधसहित पक्राउ परेकालाई अवरोधका बीच ल्याइयो

**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

केही स्थानियको अवरोधका बीच लागुऔषधसहित फेला परेका एक युवकलाई पक्राउ गर्न प्रहरी सफल भएको छ ।

सप्तरीको राजगढ गाउँपालिका १ झुटकीका २४ वर्षिय शिवशंकर यादवलाई प्रहरीले पक्राउ गर्न खोज्दा शनिबार राती स्थानियहरुले अवरोध गरेका थिए ।

प्रहरीलाई अवरोध गरेको खबर आएपछि राती नै थप प्रहरी पठाई यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् । उनले अपराधीलाई कसैले पनि संरक्षण र प्रोत्साहन नगर्न आग्रह समेत गरेका छन् ।

विशेष सूचनाको आधारमा पुगेको प्रहरीले यादवको घरको शौचालयको छेउमा लुकाइ राखिएको कालो झोलामा प्रतिबन्धित लागुऔषध फेनारगन ९७ एमपुल र डाइजेपाम ९९ एमपुल बरामद गरेको थियो ।

पक्राउ परेका यादवलाई आइतबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराउने तयारी गरिए पनि मधेश प्रदेशमा बिदा परेका कारण सोमबार मात्र उपस्थित गराउने डिएसपी काफ्लेले बताए ।

## डिनको नयाँ जिल्ला कार्य समिति चयन

**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

डिप्लोमा इन्जिनियर्स एशोसिएशन नेपाल (डिन) को १३ सदस्यीय नयाँ जिल्ला कार्यसमिति आइतबार चयन गरिएको छ ।

डिनको सम्पन्न छैंठो जिल्ला अधिवेशनबाट राजकुमार यादवको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरिएको हो ।

गठित समितिको उपाध्यक्षमा चन्दनकुमार यादव, सचिवमा रामपति साह, कोषाध्यक्षमा रबिन्द्र कुमार मण्डल, सहसचिवमा पबित्र नारायण यादव चयन भएका छन् ।

त्यसैगरि सदस्यहरुमा सरोज यादव, बब्लु कुमार यादव, बिनोद कुमार यादव, रामकुमार यादव, रबिन्द्र कुमार यादव, उमेश कुमार यादव, सत्यनारायण यादव र सरोज कुमार मण्डल चयन भएका छन् ।

यसअघि शनिबार डिनको छैठो जिल्ला अधिवेशन जिल्ला अध्यक्ष

*बाँकी अन्तिम पृष्ठमा*

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं



मास्क लगाऔं
भौतिक दुरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# त्रासकै बीच बालबालिकाको कक्षा संचालनप्रति सचेत रहौं

हाल कोरोना महामारीको त्रास केही कम भएपछि सरकारले देशभरीकै विद्यालयहरु फागुन १ देखी संचालन गर्ने निर्णय गरेको छ । एक महिना अघि कोरोना महामारी बढ्दै गएको बेला सरकारले माघ मसान्तसम्मका लागि सम्पूर्ण विद्यालय बन्द गर्ने निर्णय गरेको थियो । अहिले विद्यालय पुनः संचालनमा आएको छ । यस्तो अवस्थामा महामारी पूर्ण रुपमा समाप्त नभएको कुरालाई मनन् गर्दै विद्यालय संचालकहरुले बालबालिकाप्रति बढी उत्तरदायित्व बहन गर्नु पर्ने देखिन्छ । बालबालिकालाई महामारीबाट जोगिन स्वास्थ्य मापदण्डको पालना गराउन उनीहरु बढी गम्भिर बन्नु पर्छ ।

विगत तीन वर्षदेखी महामारीका कारण सबै भन्दा बढी बालबालिकाको शिक्षामा असर परेको छ । दुई वर्षअघि झण्डै ८ महिना तथा गत वर्ष तीन महिना र हाल एक महिना विद्यालय रहेको थियो । बितेका वर्षहरुमा बालबालिकाहरु अन्तिम परिक्षा नदिईकनै माथिल्लो कक्षामा भर्ना भएका थिए । बालबालिकाहरु एक वर्षको शैक्षिक सत्रमा कोर्ष पुरा नगरि अर्को कक्षामा अपग्रेड हुँदा उनीहरु अधुरै शिक्षा लिनबाट बञ्चित समेत भए ।

अहिले विद्यालय संचालनमा आएपछि बालबालिकाहरु पुनः पढाईमा केन्द्रित हुनेछन् । पढाईका साथ साथै उनीहरुप्रति स्वास्थ्यको ख्याल राख्नु पनि उत्तिकै जररी छ । तसर्थ महामारीका कारण बालबालिकाहरुको शिक्षा प्रभावित भएको कुरालाई मध्यनजर गर्दै विद्यालय संचालकले शिक्षाका साथै स्वास्थ्यमा पनि गम्भिर हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# यस्ता छन् प्रधानन्यायाधीशमाथि लागेका २१ आरोप

काठमाडौँ, १ फागुन (रासस) ।

सत्ता गठबन्धनका सांसदहरूले सङ्घीय संसद् सचिवालयमा प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणाविरुद्ध दर्ता गरेको महाअभियोग प्रस्तावमा विभिन्न २१ आरोप लगाइएका छन् । महाअभियोग प्रस्तावमा ९८ जना सांसदको हस्ताक्षर छ ।

प्रस्तावमा प्रधान न्यायाधीश जबराले लोकतन्त्र, विधिको शासनको जगर्ने गर्न अक्षम भएको तथा लोकतन्त्र, मानवअधिकार, जनताको न्याय, विधिको शासन, संवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निष्पक्ष र जिम्मेवार न्यायापालिकाको जगेर्ना गर्न अक्षम रहेको आरोप लगाइएको छ । सर्वोच्च अदालतलगायत न्यायपालिकाभित्र नै निजको कार्यकालमा अतिशय विकृति, विसङ्गति, भ्रष्टाचार तथा विचौलियाले प्रवेश पाएका र बढाउँदै लगेको विद्यमान व्यवस्था रहेको महाअभियोग लगाउनुपर्ने आधार र कारणहरू अभियोगमा उल्लेख गरिएको छ ।

संवैधानिक जिम्मेवारीलाई आफ्नो निजी सरह स्वच्छाचारी ढङ्गले देखादेखी दुरुपयोग गरेकाले नेपालको सिङ्गो न्याय क्षेत्र र कानुनको रक्षा एवं स्वतन्त्र र समक्ष न्यायपालिकको श्रीवृद्धि गर्नुपर्ने अहम् दायित्व बोकेका प्रधान्न्यायाधीले सो अनुरुपको कर्तव्यपालना गर्न असक्षम तथा पूर्णतः विफल रहेको प्रस्तावमा उल्लेख छ ।

प्रधानन्यायाधीश राणाका कार्यहरू एकपछि अर्को गर्दै विवादास्पद, आपत्तिजनक पदीय मर्यादा र आचरण विपरित एवं संविधान र कानून विपरित हुँदै आएको उल्लेख गर्दै प्रस्तावमा भनिएको छ, "लोकतन्त्रमा न्यायापालिकालाई संविधानको अन्तिम व्याख्याता र राज्यका अन्य अङ्गमाथि शक्ति सन्तुलन कायम राख्ने महत्वपूर्ण निकायका रूपमा लिइन्छ । सक्षम एवं सशक्त न्यायालयको अभावमा सिङ्गो संविधान र त्यसले परिकल्पना गरेका कुनै पनि व्यवस्था यर्थाथतामा कार्यात्मक र जीवन्त हुन सम्भव छैन । यसका लागि न्यायालय सम्पूर्ण रूपमा स्वतन्त्र, सक्षम, निष्पक्ष, स्वच्छ, भ्रष्टाचारमुक्त जिम्मेवार हुनु जरुरी छ ।"

महाअभियोग प्रस्तावमा प्रधानन्यायाधीशको उच्च पदीय जिम्मेवारीका अतिरिक्त नेपालको संविधानको धारा १३६ द्वारा पदासिन प्रधानन्यायाधीशलाई अति उच्च विश्वासका साथ प्रदान गरिएको संवैधानिक दायित्व पूरा गर्न राणा असक्षम रहेको, न्यायालयको साख, इज्ज्त, प्रतिष्ठा र प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्वबाट पूर्ण रूपमा विमुख र विफल भएको उल्लेख गरिएको छ । प्रधानन्यायाधीश राणामा पदीय जिम्मेवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमता समेत नदेखिएको कारणले निजलाई महाभियोग लगाउनुपर्ने प्रर्याप्त आधार, कारण एवं अवस्था विद्यमान देखिएको उल्लेख गरिएको छ ।

प्रस्तावमा संवैधानिक परीक्षण गर्न दायर भएका रिट निवेदनको समयमै प्रधानन्यायाधीश राणाले निरुपणको व्यवस्था गर्नुपर्नेमा पदीय जिम्मेवारी विपरितका कार्य गरी न्यायमा विचलन ल्याएको तथा न्यायिक अधिकार न्याय, छिटोछरितो निरुपणको लागि हो नकी न्यायिक पदाधिकारीको आफ्नो वा अन्य कसैको निहीत स्वार्थ परिपूर्तिको लागि दुरुपयोग गर्ने हो भन्ने प्रश्न उठाइएको छ ।

प्रधानन्यायाधीश राणाले आफूसमेत संलग्न भई विभिन्न संवैधानिक अङ्गमा पदाधिकारीको नियुक्त सम्बन्धमा परेका रिट निवेदनको एक वर्षसम्म पनि प्रारम्भिक सुनुवाइसम्म नगरी राखेको पाइएको प्रस्तावमा भनिएको छ । प्रस्तावमा अगाडि भनिएको छ, "सर्वोच्च अदालतमा साप्ताहिक तथा दैनिक मुद्दाको पेशी र न्यायाधीश तोक्दा कुनै निश्चित आधार, मापदण्ड र मान्य प्रचलन एवं अभ्यासको पालना नगरी, मनोमानी र अपारदर्शी आधारमा इजलास गठन गर्ने र मुद्दा तोक्ने, न्यायाधीश तोक्दा खासखास किसिमका मुद्दा आफ्नो इजलाशमा वा नियन्त्रणमा पर्ने गरी इजलाश तोकेर न्यायापालिकालाई निरन्तर विवादमा ल्याएको र न्यायपालिकाभित्र न्यायाधीशहरूका बिचमा पनि गुट उपगुट सिर्जना गरी न्याय दिन बसेका न्यायाधीशबीच नै आशङ्का, अन्योल र उदासीनताको वातावरण सिर्जना गरी अदालतको न्यायिक कार्य सञ्चालनमा बाधा अवरोध पुऱ्याएको छ ।"

न्यायपरिषद्को अध्यक्षको हैसियतले सबै तहका अदालतका न्यायाधीशको नियुक्ति गर्दा निष्पक्ष एवं पारदर्शी रूपमा गर्नुपर्नेमा मनोमानी ढङ्गले नियुक्ति गरेको नियुक्त भएका कतिपय व्यक्तिको योग्यता, क्षमता र अनुभव नभएकाले त्यस्तो गैर कानुनी नियुक्तिको कानुनी र नैतिक दायित्व प्रधानन्यायाधीशबाट पालना नभएको, निजको सक्रियतामा नियुक्त न्यायाधीशको स्वीकार्यतामा नै प्रश्न चिह्न खडा भएको महाअभियोग प्रस्तावमा समावेश छ ।

आफ्नै परिवारका सदस्य र नातागोताका व्यक्ति एवं आफूले नियुक्त गरेका कतिपय न्यायाधीश र पदाधिकारीलाई विचौलियाका रूपमा संलग्न गराई भ्रष्टाचार र अनियमितता गरी अवैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्न रहेको, परिवारका नाममा जोडेका सम्पत्तिको विवरण सार्वजनिक भएपछिको जानकारीबाट पनि प्रधानन्यायाधीश राणाको आचरण, पदीय मर्यादासँग अमिल्दो र विल्कुल अस्वाभाविक देखिन आएको ९८ जना सांसदको दाबी छ ।

प्रधानन्यायाधीशको सम्मानित पद मुलुकको संविधान र कानुनको रक्षा गर्न वा भोका निमुखा अन्यायमा परेका जनताको रक्षाका लागि होइन आफू र आफ्ना परिवार एवं सीमित घेराका निहित स्वार्थी विचौलियाका हकहितको संवर्द्धन र संरक्षण गर्नका लागि निजबाट पदको दुरुपयोग भइरहेको भन्ने जनमानसमा पर्न गई न्यायापालिकाको छविमा गम्भीर असर र अनास्था उत्पन्न हुनगएको दाबी गरिएको छ ।

प्रधानन्यायाधीश स्वयं भ्रष्टाचार र अनियमितता गरी अवैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्न रहेको विषयमा सम्पत्ति सुद्धीकरणलगायत नियमनकारी निकायमा छानबिनको माग भई उजुरीसमेत परेकोले यस सम्बन्धमासमेत छानबिन गर्न महाअभियोगको कारबाही चल्न आवश्यक रहेको प्रस्तावमा उल्लेख छ ।

प्रधानन्यायाधीश राणामाथिको आशङ्का र अविश्वास तथा गैरन्यायिक आचरणका कारणले इजलाशमा निज बस्न नसकेको, संविधानले परिकल्पना गरेको सक्रिय प्रधानन्यायाधीशको अवधारणा निष्क्रिय हुन गएको तथा आफ्नै कार्य तथा आचरणबाट पदीय जिम्मेवारी पालना गर्न गराउन असक्षम एवं असमर्थ रहेको निर्विवाद सिद्ध भएको प्रस्तावमा जोड दिइएको छ ।

कोभिड जस्तो सङ्क्रमणबाट पीडित भई अस्पताल भर्ना भएको अवधिमासमेत बिदामा नबसी प्रचलित कोभिड सङ्क्रमणसम्बन्धी कानुनको उल्लङ्घन गर्नेकार्य गरी सर्वोच्च अदालतलाई जानीङ्की -जानी नेतृत्व विहीन बनाइ नेपालको संविधानको धारा १२९ (६) को ठाडो उल्लङ्घन गरेको देखिएको दाबी गरिएको छ ।

अन्य सहकर्मी न्यायाधीशहरू प्रधानन्यायाधीशसँग इजलाशमासँगै बसी न्याय सम्पादन गर्न तयार नभएको तथ्यलाई निज स्वयंले स्वीकार गर्दै अनेकन आक्षेप लाग्दा पनि केवल हाजीर जनाएर निवास फर्कने गरेबाट प्रधान न्यायाधीश राणाको नेतृत्वमा सर्वोच्च अदालत सञ्चालन हुन असम्भव हुन गएको प्रस्तावमा स्पष्ट गरिएको छ ।

प्रस्तावमा भनिएको छ, "यस्तै, सशस्त्र प्रहरीका तत्कालीन वरिष्ठ अधिकृत रञ्जन कृष्ण कोइराला संलग्न ज्यान मुद्दा, सर्वोच्च अदालतमा विचाराधीन रहेका सङ्गीन मुद्दाको शीघ्र सुनुवाइ नगरेको, पटक-पटक पेशी स्थागित गरेको, संवेदनशील विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी सार्वजनिक रुपमै फैसलाको व्याख्या गर्दै प्रतिरक्षा गरेको, सरकारी प्रवक्ता जस्तो भई इजलाश बाहिर आफ्नो फैसलाबारे बोल्दै हिँड्नु र टिकाटिप्पणी गर्नु अदालतको गरिमा र पदीय मर्यादा अनुकूलको आचरण होइन, हुन सक्दैन ।"

भ्रष्टाचारको अभियोग लागेका मुद्दाको छिटोछरितो सुनुवाइ गर्ने प्रयोजनका लागि विशिष्टकृत अदालतको रूपमा विशेष अदालतको गठन र शीघ्र न्याय सम्पादनको व्यवस्था विगत दुई दशक अघिदेखि भएको भए पनि महिनौंदेखि न्यायाधीशको पदपूर्ति गर्न अनिच्छुक रही विशेष न्याय प्रक्रियामासमेत अवरोध सिर्जना गरेको प्रस्तावमा दाबी गरिएको छ ।

प्रस्तावमा भनिएको छ, "आफूसँग सम्बन्धित वा आफ्नो स्वार्थ सन्निहित मुद्दाको सुनवाइमा आफू संलग्न नहुने भनि संवैधानिक इजलाशबाटै निर्णय गरेपश्चात पनि प्रधानन्यायाधीश राणाले इजलासमा बसेर व्यक्त गरेको आफ्नो राय विपरितको विषयवस्तु बनाइ संवैधानिक इजलासको सुनुवाइ रोकी पाउँ भर्ती परेको रिट निवेदनलाई अस्वाभाविक तरिकाले निजले पूर्व अभ्यास विपरित एकल इजलास समक्ष पेशीमा चढाइ संवैधानिक इजलाशलाई अनिश्चित् कालसम्म अवरुद्ध गर्ने प्रबन्ध मिलाउन मुख्य भूमिका निर्वाह गरी संविधानको धारा १३७ ले प्रदान गरेको अधिकारको स्पष्टतः दुरुपयोग गरेको देखिएको छ ।"

प्रधान न्यायाधीशको नियुक्तको क्रममा राणाले सार्वभौम संसद् समक्ष गरेका प्रतिबद्धता विपरित न्यायाधीशको पदपूर्ति र उचित समयभित्र मुद्दाको फछ्र्योट गर्न असक्षम रही निरन्तर न्यायमा अवरोध सिर्जना गरी आफू संविधानतः प्रधानन्यायाधीशको नेतृत्वको जिम्मेवारी बहन गर्न पूर्ण असक्षम सिद्ध भइसकेको र संसदीय सुनुवाइका बखत व्यक्त निजको प्रतिबद्धता निजका काम कारबाहीबाट झुठो सावित हुनगएको महाअभियोग प्रस्तावमा स्पष्ट गरिएको छ ।

संवैधानिक परिषद्को पदेन सदस्यको रूपमा कार्यपालिकासँग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगमा आधार कारण र मापदण्डसमेत निर्धारण नगरी आफ्ना परिवारका सदस्य तथा निकटका व्यक्तिलाई प्रधान न्यायाधीश राणाले नियुक्तिको सिफारिस गरेको कुरा सार्वजनिक भइसकेकाले पनि त्यस्तो पदमा आसिन व्यक्तिले प्रधानन्यायाधीशको पदको घोर अपमान एवं दुरुपयोग हुने गरेको पुष्टी भएको भनिएको छ ।

न्यायपालिकाको विकृति, विसङ्गति र भ्रष्टाचारको सम्बन्धमा अध्ययन गर्न गठित न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन लागू गर्न अनिच्छुक तथा असक्षम देखिएको र सो प्रतिवेदन बुझ्ने क्रममा तत्काल कार्यान्वयनको प्रतिबद्धता प्रधान न्यायाधीश राणाले व्यक्त गरे पनि सोही प्रतिवेदनका विरुद्धमा अभिव्यक्ति दिई पदीय मर्यादा उल्लङ्घन गरेको दाबी गरिएको छ ।

मुलुकको कानुन प्रणालीलाई दीर्घकालीन प्रभाव छाड्ने विधिशास्त्रीय महत्वको योगदान पुऱ्याउन प्रधान न्यायाधीश असफल भएको, जनताका निमित्त अन्धकार र बिचौलियाका निमित्त सुरक्षित स्वर्गका रूपमा न्यायपालिकालाई स्थापित गर्ने र सञ्चालन गर्ने असंवैधानिक एवं अमर्यादित हरकतबाट न्यायापालिकालाई मुक्ति दिलाउनु अपरिहार्य भएको प्रस्तावमा महत्वका साथ उल्लेख गरिएको छ ।

पूर्व न्यायाधीश, नागरिक समाज, नेपाल बार एशोसिएशन एवं सर्वोच्च अदालत बार एशोसिएशन समेतबाट प्रधान न्यायाधीशको कार्यमा गम्भीर प्रश्न खडा गरी अविश्वास प्रकट गरेको, सर्वोच्च अदालत प्रवेशमा रोक लगाउन १०० दिनभन्दा अघिदेखि धर्ना, जुलुस, सभा सम्मेलन समेतका विभिन्न कार्यक्रम भएको समेत स्मरण गरिएको छ ।संवैधानिक प्रणाली सु-सञ्चालन हुनमा बाधा उत्पन्न भइरहेको र तत्काल यो परिस्थितिबाट न्यायोचित निकास दिनका लागि महाभियोगद्वारा निजको पदमुक्ति अति आवश्यक हुन आएको प्रस्तावमा उल्लेख गरिएको छ ।

# ‘एमसिसीको विरोध राजनीतिक ‘स्पेस’ का लागि मात्रै’

काठमाडौँ, १ फागुन (रासस) ।
अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) लाई विरोधीहरूले राजनीतिक स्वार्थका रूपमा प्रयोग गरेर जनतामा भ्रम सिर्जना गरेको शनिबार यहाँ आयोजित कार्यक्रमका सहभागीहरूले बताउनुभएको छ ।

अर्थविद, राजनीतिक विश्लेषक, कानुनविद् एवम् यस सम्बन्धी जानकारहरूले एमसिसीलाई देशको हित विपरीतमा छ भनी अपव्याख्या गरेर जनसाधारणमा अफवाह फैलाउनु राजनीतिक बेइमानी भएको टिप्पणी गर्नुभयो । लोकपथ डटकमले शनिबार यहाँ आयोजना गरेको ‘एमसिसीको यथार्थ र आवश्यकता’बारेको अन्तरक्रियामा वक्ताहरूले नेपालजस्तो विकासोन्मुख देशका लागि एमसिसी परियोजनामार्फत हुने लगानी अपरिहार्य भएकाले यसलाई फिर्ता गर्न नहुने धारणा राख्नुभयो । साथै उहाँहरूले एमसिसी नेपालबाट फिर्ता भए एसियाली विकास बैंक, विश्व बैंकजस्ता अन्तरराष्ट्रिय दातृ निकायले नेपाललाई सहयोग गर्दैनन् भन्दै यसबाट नेपालको आर्थिक विकासमा नकारात्मक असर पर्ने तर्क गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्व पौडेलले एमसिसी परियोजनालाई लिएर भइरहेको विरोध देखावटी मात्र भएको र राजनीतिक ‘स्पेस’ दिनलाई विरोध गरिएको टिप्पणी गर्नुभयो । “एमसिसीको विरोध ओपन सेक्रेट छ, यो परियोजनाको सम्झौतामा को को सहभागी थिए, त्यसैले अहिलेको विरोध राजनीतिक स्पेसका लागि देखावटी मात्रै हो ।”

उपाध्यक्ष पौडेलले नेपालसँग लामो सम्बन्ध रहेको अमेरिकासँगको सम्बन्धलाई बिगार्न नहुने बताउनुभयो । ठूला विकासे परियोजनामा सधैँ बखेडा झिकेर देश विकासमा कस्तो असर पर्छ भन्ने विगतका उदाहरणबाट सिकेर अघि बढ्नुपर्नेमा उहाँको जोड थियो ।

वरिष्ठ अधिवक्ता गान्धी पण्डितले अमेरिकासँग नेपालको लामो सम्बन्ध रहेको चर्चा गर्दै एमसिसीको गलत व्याख्या गरेर जनमानसमा हौवा फिजाएर कूटनीतिक सम्बन्धलाई कमजोर तुल्याउन नहुने धारणा राख्नुभयो । उहाँले उक्त परियोजनाको रकम सडक सञ्जालको विकास र विद्युत् प्रसारण लाइन निर्माणका निम्ति अनुदान भएको स्पष्ट पार्नुभयो ।

जलस्रोतविज्ञ ज्ञानेन्द्रलाल प्रधानले एमसिसीको विरोध गर्नु राजनीतिक बेइमानी भएको र यो परियोजनालाई ठूला मिडियाले पनि साथ नदिएको गुनासो गर्नुभयो । उहाँले विगतमा अरुण तेस्रो आयोजना रोकिएर भूटानभन्दा पछि परेको देशको अवस्थालाई बुझेर पनि एमसिसी परियोजनालाई फर्कन दिन नहुने जिकिर गर्नुभयो ।

राजनीतिक विश्लेषक अरुणकुमार सुवेदीले एमसिसीलाई राजनीतिक रङ्ग दिएर विरोधीले परियोजनाको अपव्याख्या गर्नु राष्ट्रहित विपरीत भएको तर्क गर्नुभयो । अर्का राजनीतिक विश्लेषक सरोज मिश्रले एमसिसी परियोजना नेपालले नस्वीकारे विदेशी लगानी नभित्रिने आशङ्का व्यक्त गर्नुभयो । विश्लेषक विजय मिश्रले एमसिसी परियोजनालाई राष्ट्रघाती भनेर जनतामा भ्रम सिर्जना गर्न कतिपय दलहरू लागेको धारणा व्यक्त गर्नुभयो ।

यस्तै, प्राध्यापक कपिल श्रेष्ठले एमसिसीबारे भएको झुटको खेतीले जनसाधारणमा भ्रम पारेको बताउनुभयो । कानुनविद् सेमन्त दाहाल एमसिसी परियोजनालाई लिएर विरोध गर्नुको कुनै औचित्य देख्नुहुन्न । स्तम्भकार हरिविनोद अधिकारी पनि एमसिसीबारे संसद्लाई नै सार्वभौम अधिकार प्रयोग गर्न दिइनुपर्ने धारणा राख्नुहुन्छ । प्राध्यापक कृष्ण हाथेछुले एमसिसीको आवश्यकता र औचित्यका आधारमा निर्णय गरिनुपर्ने बताउनुभयो ।

# राजनीतिक संकटको भुमरीमा देशलाई लैजान खोजिँदैछ, सचेत होऔं : अध्यक्ष दाहाल

काठमाडौँ, १ फागुन (रासस) ।
नेकपा (माओवादी केन्द्र) ले आइतबार विभिन्न कार्यक्रमको आयोजना गरी २७औँ ‘जनयुद्ध दिवस’ मनाएको छ । मधेश प्रदेश सरकारले आइतबारै प्रदेश राजधानी जनकपुरमा विशेष कार्यक्रमको आयोजना गरी सो दिवस मनाउँदैछ ।

माओवादीले २०५२ साल फागुन १ गते सशस्त्र सङ्घर्ष घोषणा गरेको दिनको स्मरणमा आइतबार २७ औं जनयुद्ध दिवस मनाएको हो । सो दिनको स्मरणमा माओवादीले पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा एक कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रमलाई माओवादी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सम्बोधन गर्दै जनयुद्ध र जनआन्दोलनले नयाँ एकता पैदा गरेकै कारणले नयाँ संविधान जारी हुन सफल भएको र एवं नयाँ राष्ट्रिय एकता कायम गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको बताउनुभयो । झाँले सबै प्रदेश सरकार र सङ्घीय सरकारले समेत जनयुद्ध दिवस मनाउन आग्रह गर्नुभयो ।

उहाँले नयाँ राजनीतिक परिवर्तन र एकतालाई सुरुदेखि नै केही समूह र व्यक्तिलाई मन नपरेको र त्यसको बाछिटा हालसम्म पनि देखा पररिहेको उल्लेख गर्नुभयो । माओवादीका नेता तथा कार्यकर्ताको तेजोबोध गर्न कसरी सकिन्छ भन्नेमा केही मानिस दिनरात नभनी लागि परेको उहाँको भनाइ छ ।

जनयुद्धबाट प्राप्त भएका परिवर्तनलाई कमजोर पार्न सकिन्छ, स्वाधीनता र राष्ट्रियताको आन्दोलनलाई कमजोर पार्ने प्रयास भइरहेको उल्लेख गर्दै उहाँले प्राप्त अधिकार र राष्ट्रिय स्वाधीनताका पक्षमा थप सङ्कल्प गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले नयाँ ऊर्जासहित नयाँ एकता कायम गरेर अगाडि बढ्न सबै क्रान्तिकारी शक्तिलाई आह्वान गर्दै अध्यक्ष प्रचण्डले राजनीतिक सङ्कटको भुमरीमा देशलाई लैजान खोज्ने प्रवृत्तिका विरुद्ध उभिन आग्रह गर्नुभयो । जनताको सचेत पहलका साथ गतवर्ष प्रतिगमनलाई परास्त गरेको स्पष्ट पार्दै उहाँले प्रतिगमन विरोधी गठबन्धनलाई टुटाउनका लागि प्रयास भइरहेको आशङ्का व्यक्त गर्नुभयो । अध्यक्ष प्रचण्डले संविधानको रक्षा, राष्ट्रियताको सम्बर्द्धन गर्ने लक्ष्यका साथ सुरु भएको सहकार्य अझै अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले पाँच दलीय गठबन्धन कुनै परियोजना वा त्यससँग भएको सहमतिका आधारमा नबनाएको उल्लेख गर्दै राष्ट्रियताको सम्बर्द्धन, लोकतन्त्रको रक्षाका लागि प्रतिबद्ध हुनु नै देश र जनताको हितमा हुने स्पष्ट पार्नुभयो । खास परियोजना गर्ने वा नगर्ने भन्ने आधारमा गठबन्धनको भाग्य र भविष्यका बारेमा कोही कसैले सोच्छ भने त्यो देश र जनताका लागि समेत राम्रो नहुने उहाँको भनाइ छ ।

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभाको बैठक आफूले सार्न लगाएको भनेर गलत प्रचार भएको उहाँको भनाइ थियो । उहाँले गलत मनसायका साथ गलत प्रचार हुने गरेको प्रति अध्यक्ष दाहालले दुःख व्यक्त गर्नुभयो । फरक एक प्रसङ्गमा उहाँले सबै क्रान्तिकारी वामपन्थी शक्ति, माओवादी घटक तथा देशभक्त सबैलाई एकता, सहकार्यको मार्गमा अगाडि बढ्न आह्वान गर्नुभयो ।

# साढे ५२ लाख ग्राहकको घरमा पुग्यो बिजुली

काठमाडौँ, १ फागुन (रासस) ।
देशभर बिजुली उपभोग गर्ने ग्राहकको सङ्ख्या ५२ लाख ५० हजार बराबर पुगेको छ । त्यसमा प्राधिकरणको मात्रै कूल ग्राहक सङ्ख्या ४७ लाख बराबर पुगेको छ । यस्तै, सामुदायिकतर्फका ग्राहकको सङ्ख्या पाँच लाख ५० हजार बराबर पुगेको छ ।

चालु आर्थिक वर्षको ६ महिनामा नै प्राधिकरणको ग्राहक सङ्ख्यामा एक लाख १२ हजार थप भएको छ । गत असार मसान्तमा कूल ग्राहक सङ्ख्या ५१ लाखको हाराहारीमा थियो । विद्युत् उपभोग गर्ने ग्राहकको सङ्ख्यामा क्रमशः बढोत्तरी हुँदै गएको छ । देशभर पछिल्लो विवरणअनुसार झन्डै ९२ प्रतिशत घरपरिवारमा बिजुलीको सेवा पुगेको छ । यसबाट क्रमशः सरकारले अपेक्षा गरेको उज्यालो नेपालको सपना क्रमशः साकार हुने क्रममा पुगेको छ ।

सरकारले कर्णाली प्रदेशका विभिन्न जिल्लामा दुई वर्षमा बिजुली उपलब्ध गराउने लक्ष्यका साथ काम भइरहेको छ । डोल्पा, हुम्ला र मुगुमा हालसम्म केन्द्रिय प्रसारण लाइन पुगेको छैन । ती जिल्लामा बिजुली उपलब्ध गराउन कर्णाली प्रदेशको राजधानी सुर्खेतलाई केन्द्र बनाए प्राधिकरणले काम गरिरहेको छ । प्राधिकरणले कर्णाली प्रदेशमा गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउनका लागि थप रु २५ अर्ब खर्च गर्ने योजना अगाडि बढाएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार पछिल्लो ६ महिनामा बिजुलीको उपभोग गर्ने ग्राहकको सङ्ख्याका अलावा विद्युत् खपतसमेत वृद्धि भएको छ । मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा कार्यकारी निर्देशक घिसिङले गत पुस मसान्तसम्म प्रतिव्यक्ति विद्युत् खपत ३२५ किलोवाट पुगेको छ । उहाँका अनुसार पछिल्लो छ महिनामा देशभर थप ३०० मेगावाट थप बिजुली खपत भएको छ ।

प्राधिकरणको केन्द्रीय प्रणालीमा हाल दुई हजार १३२ मेगावाट बराबरको बिजुली उपलब्ध छ । प्राधिकरणको यस अवधिमा कूल ४२.५२ प्रतिशत वित्तीय प्रगति भएको छ भने भौतिक प्रगति ४७.३८ प्रतिशत छ । तर यो लक्ष्यभन्दा कम हो । प्राधिकरणले चालु आवको ६ महिनामा ६४.३३ प्रतिशत वित्तीय प्रगति र ५९.६३ प्रतिशत भौतिक प्रगति हुने प्रक्षेपण गरेको थियो ।

विगत चार वर्षदेखि सर्वोच्च अदालतलगायत विभिन्न अदालतमा परेका मुद्दाका कारण रणनीतिक महत्वका योजना तथा प्रसारण लाइनको काम अगाडि बढ्न सकेको छैन । रुख कटानी, जग्गाको सट्टा जग्गा नै उपलब्ध गराउनुपर्ने प्रबन्धका कारण पनि काममा समस्या भएको घिसिङको भनाइ छ ।

*एमसीसी बिरुद्ध सत्ता ...*

गर्न नहुनेमा जोड दिएका थिए । उनीहरुले एमसीसीकै कारण गठबन्धन भत्कियो भने बरु सत्ता छाड्न पनि तयार रहन आफ्ना नेताहरुलाई सचेत गराएका थिए ।

काँग्रेसले २०७६ पुस १७ मै केन्द्रिय समितिको बैठकबाट एमसीसी पास गर्ने निर्णय गरेको थियो । सत्तासिन दल नेपाली काँग्रेसले बहुचर्चित अमेरिकी सहयोग परियोजना एमसीसी बिशुद्ध आर्थिक परियोजना भएको दावी गर्दै सम्झौता पारित गराउन सक्रियता बढाइरहेको बेला उक्त बिरोध प्रदर्शनले गठबन्धन भत्किने सम्भावना पनि बढ्दै गएको स्थानिय बुद्धिजिविहरुको भनाई छ ।

यस्तै नेकपा एकीकृत समाजवादीले आइतबारै एमसीसी बिरुद्ध जिल्लाको शम्भुनाथ नगरपालिकास्थित ट्राफिक बजारमा बिहान ९ बजे देखि ११ बजे सम्म दुई घण्टा सडक अवरुद्ध पारेको नगर अध्यक्ष जितेन्द्र गुप्ता (नुनु) ले जानकारी दिएका छन् ।

## विश्व समाचार

### लिबियाको राजनीतिक सङ्कटबारे महासचिव गुटरेसको आग्रह

संयुक्त राष्ट्रसङ्घ, १ फागुन (रासस/सिन्ह्वा) ।
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले लिबियामा स्थायित्वका लागि त्यहाँका सबै पक्ष लाग्नुपर्ने बताउनुभएको छ । लिबियाको स्थायित्वका लागि त्यहाँका राजनीतिक दललाई आग्रह गर्नुभएको महासचिव गुटरेसका प्रवक्ताले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

लिबियामा पछिल्लो समयमा राजनीतिक सङ्कट चुलिँदै गएको छ । त्यसैले यस देशको स्थायित्व र राजनीतिक निकासका लागि सबै पक्षको सक्रियताको आवश्यकता रहेको सो विज्ञप्तिमा जनाइएको छ । लिबियामा गएको डिसेम्बर महिनामा राष्ट्रपतिको निर्वाचन हुने कार्यक्रम तय भएको थियो । तर पछि सो निर्वाचन सम्पन्न हुन नसकेकाले यहाँ राजनीतिक सङ्कट चुलिँदै गएको छ ।

संयुक्त राष्ट्रसङ्घले यहाँ राजनीतिक सङ्कट थप गहिरिन नदिनका लागि सबै पक्षसँग छलफल चलाएको बताएको छ । गएको डिसेम्बरको पूर्वनिर्धारित समयमा राष्ट्रपतिको निर्वाचन सम्पन्न गर्न नसकेपछि यहाँ राजनीतिक स्थयित्वको प्रश्न उठेको छ । अहिलेको सरकार र संसद्को वैधानिकता माथि पनि प्रश्न उठेको बताइएको छ । त्यसैले यहाँको पछिल्लो राजनीतिक अवस्थाका बारेमा सबै गम्भीर हुनुपर्ने भन्दै यहाँका सबै राजनीतिक दललाई महासचिव गुटरेसले आग्रह गर्नुभएको हो ।

### रुसमा एक दिनमै दुई लाखभन्दा बढी कोरोना सङ्क्रमित

मस्को, १ फागुन (रासस/सिन्ह्वा) ।
रुसमा गएको २४ घन्टामा धेरै सङ्क्रमित देखिएका बताइएको छ । यहाँको स्वास्थ्य मन्त्रालयले जनाएअनुसार यहाँ शनिबार मात्र दुई लाखभन्दा बढी सङ्क्रमित देखिएका जनाएको छ । यहाँ पछिल्ला केही दिनमा बढी मात्रामा र अहिलेसम्मकै सबैभन्दा बढी कोरोना सङ्क्रमित देखिने गरेका छन् । यहाँ हरेक दिन अहिलेसम्मकै २४ घन्टाभित्र देखिएका सबैभन्दा बढी सङ्क्रमित देखिने गरेका स्वस्थ्य अधिकारीले जनाएका छन् ।

यहाँ अहिलेसम्म एक करोड ३९ लाखभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित देखिएका बताइएको छ । त्यसैगरी यहाँको सरकारले बताएअनुसार यहाँ गएको २४ घन्टामा नै कम्तीमा पनि ७२९ जना सङ्क्रमितको निधन भएको छ । यो समेतगरी यहाँ अहिलेसम्म तीन लाख ३९ हजार ४१४ को ज्यान गएको छ । रुसमा सबैभन्दा बढी सङ्क्रमित हुने स्थान राजधानी मस्को नै रहेको पनि यहाँका स्वास्थ्य अधिकारीले बताएका छन् । रुसमा पछिल्लो समयमा विकसित भएको ओमिक्रोन भेरियन्टको प्रकोप बढेको पनि बताइएको छ ।

### इराकले पनि आफ्ना नागरिकलाई युक्रेन छोड्न आदेश दियो

मस्को, १ फागुन (रासस/सिन्ह्वा) ।
पछिल्ला केही हप्तायता रुस र युक्रेनका बीचमा तनाव बढ्दै गएपछि इराकले पनि आफ्ना नागरिकलाई युक्रेन छोड्न आदेश दिएको छ । इराकले आफ्ना नागरिकलाई युक्रेन छोड्न शनिबार आदेश दिएको छ । त्यस्तै त्यहाँ रहेका आफ्ना कूटनीतिक क्षेत्रका कर्मचारीलाई पनि वार्षिक बिदा लिएर घर फर्किन आदेश दिएको छ । इराकको विदेश मन्त्रालयले शनिबार एक विज्ञप्ति प्रकाशन गरेर यो कुराको जानकारी गराएको हो । इराकका अधिकारीले पछिल्लो समयमा युक्रेनको सीमा क्षेत्रमा रुसले आफ्नो ठूलो संख्याका सेना तैनाथ गरेर आक्रमणको तयारी गरेको जनाएको छ ।

यसअघि रुसले युक्रेनमाथि हमला गर्न लागेको भन्दै अमेरिका, बेलायतलगायतका पश्चिमी देशले पनि आफ्ना दूतावास बन्द गरेर कर्मचारीलाई स्वदेश फर्काएका छन् । युक्रेनमा रुसले आक्रमण गर्ने भन्ने समाचारको रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भने खण्डन गर्नुभएको छ । उहाँले बाहिर हल्ला आएजस्तो रुसले युक्रेनमा हमला गर्ने भन्ने समाचार सत्य नरहेको बताउनुभएको छ ।

### जापानी एफ-१५ लडाकु विमान बेपत्ता भएको दुई सातापछि पाइलटको शव फेला

टोकियो, जापान, १ फागुन (रासस-एएनआई) ।
जनवरीमा बेपत्ता भएको जापानी एफ-१५ लडाकु विमानका पाइलटको शव जापानको सागरमा फेला परेको जापानी सञ्चारमाध्यमले जनाएका छन् ।

पाइलटको शव इशिकावा दुर्घटनास्थल नजिकै फेला परेको एनएचके प्रसारकले आइतवार जनाएको छ । जापानको सागरमा सोही क्षेत्रमा लडाकु जेटको किलको टुक्रा भेटिएको थियो । अर्का पाइलटको भने खोजी भइरहेको जनाइएको छ । उक्त लडाकु विमान जनवरी ३१ मा इशिकावाको केन्द्रीय प्रिफेक्चरको एयरबेसबाट उडेको केही समयपछि जापानको सागरमा हराएको थियो ।

# जनयुद्ध दिवसमा जुलुस प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १ फागुन ।**

जनयुद्ध दिवसको अवसरमा नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) राजबिराज नगर समितिले आइतबार राजविराजमा जुलुस निकालेको छ ।

२७ औ जनयुद्ध दिवसको अवसरमा राजबिराजस्थित पबिमाबिको मैदानबाट निस्केको जुलुस नगरको विभिन्न भाग परिक्रमा गर्दै स्थानिय गजेन्द्र चौकमा कोण सभा सम्पन्न गरेको छ ।

आयोजित कोणसभाका सहभागिहरुले जनयुद्धका क्रममा शहादत प्राप्त सहिदहरुप्रती श्रद्धाञ्जली अर्पण तथा बेपत्ता योद्धा र अपांग घाईतेहरुप्रती सम्मान प्रकट गरेका थिए ।

सो कोण सभामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का जिल्ला सदस्य तथा राजबिराज नगर ईन्चार्ज भानालाल यादव, नगर अध्यक्ष तथा अखिल नेपाल ट्रेड युनियन महासंघका मधेस प्रदेश सचिव केदार देव, अखिल नेपाल ट्रेड युनियन महासंघ सप्तरीका अध्यक्ष रामचन्द्र यादव, वाइसिएलका राजबिराज नगर अध्यक्ष संजय कुमार यादव, पार्टीका नगर उपाध्यक्ष गंगाराम खंग लगायतका नेता कार्यकर्ताहरुले मन्तव्य राखेका थिए ।

# कामु प्रन्यामा वरिष्ठतम् न्यायाधीश कार्की

काठमाडौँ, १ फागुन (रासस) ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध सङ्घीय संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता भएपछि वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्की कामु प्रधानन्यायाधीश हुनुभएको छ । सत्तारूढ दलका सांसदहरूले उक्त प्रस्ताव आइतबार बिहान सिंहदरबारस्थित सचिवालयमा दर्ता भएपछि उहाँ स्वत: कायममुकायम प्रधानन्यायाधीश हुनुभएको हो ।

महाभियोग प्रस्तावको प्रस्तावकका नेकपा (माओवादी केन्द्र) का देवप्रसाद गुरुङ, नेपाली कांग्रेसका डा पुष्पा भुसाल र नेकपा (एकीकृत समाजवादी) का जीवनराम श्रेष्ठ, समर्थकमा नेपाली कांग्रेसका डा मीनेन्द्र रिजालसहित ९५ सांसद रहनुभएको छ ।

नेपालको संविधानको धारा, १०१ को उपधारा (२) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लङ्घन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधिसभाका कम्तीमा तीनजना सदस्यले प्रमाणित गरी पेस गरेमा धारा, १०१ को उपधारा, (३) बमोजिमको समितिले त्यस्तो उजुरीमाथि सङ्घीय कानुनबमोजिम छानबिन गरी महाभियोगसम्बन्धी कारबाहीका लागि प्रतिनिधिसभासमक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेस हुन सक्नेछ ।

# दैनिक एक पटक रेल सञ्चालन

धनुषा, १ फागुन (रासस) ।

लामो समयदेखि सञ्चालनको पर्खाइमा रहेको जनकपुर-जयनगर रेल सेवा सञ्चालन हुने भएको छ । रेल सञ्चालनको समय पटक-पटक तोकिए पनि त्यो समय फेलहुँदै आएको थियो । नेपाल सरकारले बोगिसहितका दुई रेल खरिद गरेको झन्डै १५ महिनापछि रेल सेवा सञ्चालन हुन लागेको हो ।

आइतबारदेखि रेल सेवा नियमित रूपमा सञ्चालन हुने नेपाल रेल्वे कम्पनीले जनाएको छ । जयनगर-विजलपुर-बर्दिबाससम्म ६९ किलोमिटर रेलमार्गअन्तर्गत पहिलो चरणमा जयनगर-कुर्थासम्म ३२ किलोमिटर रेल सञ्चालन हुन लागेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "आइतबारदेखि नियमित रूपमा दैनिक एक पटक कुर्था-जयनगरसम्म रेल ओहोरदोहोर गर्नेछ, तर तत्काल यात्रु बिनाको ड्राई रन मात्र हुन्छ ।" उहाँले केही दिनमा नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गरेपछि मात्रै यात्रुलाई राखेर दैनिक तीन पटक सेवा सञ्चालन गर्ने जनाउनुभयो ।

रेल सञ्चालनका लागि चालकसहितका प्राविधिक कर्मचारी भारतीय रेल कम्पनी केआरसीएल कम्पनीसँग दुई पक्षीय जिटुजी सम्झौता भएको महाप्रबन्धक झाले बताउनुभयो । बाँकी प्रशासनिक तथा सहयोगी गरी ६५ कर्मचारी नेपाल रेल्वे कम्पनीले भर्ना गरी उनीहरूलाई तालिमसमेत दिई तयार गरिसकेको महाप्रबन्धक झाले जानकारी दिनुभयो ।

## *डिनको नयाँ ...*

केवल दासको अध्यक्षता तथा केन्द्रिय अध्यक्ष कामेश्वर प्रसाद सिंहको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । सो अवसरमा डिनका केन्द्रिय महासचिव जिवन घिमिरे, महदेवा गाउँपालिकाका अध्यक्ष दिपक यादव, रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, डिनका केन्द्रिय पदाधिकारीहरु लगायतको उपस्थिति रहेको थियो ।

# चारदेखि १२ वर्षसम्मका बालबालिकालाई छिट्टै खोप लगाइने

काठमाडौँ, १ फागुन (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्व स्वास्थ्य सङ्गठनको सिफारिसअनुसार चारदेखि १२ वर्षसम्मका बालबालिकालाई छिट्टै कोभिडविरुद्धको खोप लगाइने जनाउनुभएको छ ।

रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा मन्त्री पौडेलले कोभिडको तेस्रो लहरका कारण शिक्षा क्षेत्र प्रभावित भए पनि शैक्षिकसत्रमा प्रभाव नपर्ने गरी प्रबन्ध गरिएको बताउनुभयो । मन्त्री पौडेलले भन्नुभयो, "शैक्षिकसत्र क्षति नहुने गरी एसइईको परीक्षा तालिका सार्वजनिक गरेका छौँ । स्थानीय तहको चुनावलगत्तै प्लस टुको परीक्षा गर्छौं । सबै विद्यार्थीहरूलाई खोपको व्यवस्था गरेका छौँ ।"

उहाँले आफू मन्त्री भएपछि १८ हजार शिक्षकको पदपूर्ति तथा बढुवाको प्रक्रिया सुरु भएको, सार्वजनिक शिक्षा सुधारका लागि योजना बनाइएको, चर्को शुल्क लिने मेडिकल कलेजलाई सचेत गराइएको, त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय जमलमा निर्माण गर्न लागिएको, त्रिविको परीक्षा प्रणालीमा सुधार गरिएको र शिक्षक अस्पताल चितवनमा निर्माण हुने निश्चित गराइएको बताउनुभयो ।

मन्त्री पौडेलले उच्च शिक्षा, सङ्घीय शिक्षा, प्राविधिक शिक्षा ऐन ल्याउन संसद्को गतिरोध सहज हुनेबित्तिकै छलफलका लागि पठाइने जनाउँदै सबै स्थानीय तहमा प्राविधिक शिक्षा विस्तार र 'पढ्दै कमाउँदै' कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन लागिएको उल्लेख गर्नुभयो । उहाँले आगामी आर्थिक वर्षदेखि शिक्षा क्षेत्रमा कूल बजेटको २० प्रतिशत बजेट विनियोजन गराइने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

# सभामुखद्वारा सर्वदलीय बैठक आह्वान

काठमाडौँ, १ फागुन (रासस) ।

सभामुख अग्निप्रसाद सापकोटाले सोमबार दिउँसो २ बजेका लागि सर्वदलीय बैठक आह्वान गर्नुभएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध संसद्मा महाअभियोग प्रस्ताव दर्ता भएसँगै पछिल्ला राजनीतिक घटनाक्रमको विषयमा छलफलका लागि सभामुख सापकोटाले सर्वदलीय बैठक बोलाउनुभएको उहाँका प्रेम विज्ञ श्रीधर न्यौपानेले राससलाई जानकारी दिनुभयो ।

प्रधानन्यायाधीश जबराविरुद्ध सत्तारूढ दलका सांसदहरूले आइतबार बिहान सवा १० बजे सिंहदरबारस्थित संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता गराउनुभएको थियो ।

प्रस्तावमा प्रधानन्यायाधीश राणालाई कार्यक्षमता नभएको अभियोग लगाइएको छ । सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेका अनुसार सो महाअभियोगको प्रस्तावक नेकपा (माओवादी केन्द्र) का देवप्रसाद गुरुङ, नेपाली कांग्रेसका डा पुष्पा भुसाल र नेकपा (एकीकृत समाजवादी)का जीवनराम श्रेष्ठ हुनुहुन्छ । यस्तै समर्थकमा नेपाली कांग्रेसका डा मीनेन्द्र रिजालसहित ९५ सांसद हुनुहुन्छ । यता सोमबार बोलाइएको प्रतिनिधिसभाको बैठक भने यही फागुन ४ गते बुधबारका लागि सारिएको छ ।

**कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरु**

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं ।
- अरु व्यक्तिसँग भेटघाट नगरौं, भेटघाट गर्नै परेमा कम्तिमा २ मिटरको दूरी राखौं र मास्कको अनिवार्य प्रयोग गरौं ।
- घरका अन्य सदस्यहरुले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं ।
- क्वारेन्टाईनमा बसेको व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं ।
- अलग भाडाकुँडा प्रयोग गरौं ।
- समय समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं ।
- प्रयोग गरिएका सामग्रीहरु साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं ।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं ।
- ज्वरो, खोकी, स्वासप्रस्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखा परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*